राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Monthly Publication

Volume 23, Issue 5 No. 159 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Poush 2080 (Dec-2023/Jan-2024)

## कोशी प्रदेशबाट अप्टिकल फाइबर नेटवर्क सञ्चालन शुभारम्भ




नेपाल टेलिकमले नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी निर्माण सम्पन्न गरेको मध्यपहाडी लोकमार्गको दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्कको सञ्चालन शुभारम्भ भएको छ । गत पुस ७ गते धनकुटाको हिलेमा आयोजित एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सो नेटवर्क सञ्चालनको शुभारम्भ गर्नुभयो ।

सो अवसरमा मन्त्री शर्माले सूचना र प्रविधिको क्षेत्रलाई सरकारले विशेष प्राथमिकता दिएको उल्लेख गर्दै यस्ता विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा समेत राखेको बताउनु भयो । मध्यपहाडी लोकमार्गअन्तर्गतको यो योजना सञ्चारसम्बन्धी सरकारको योजनाको एक अंश भएको जानकारी दिँदै मन्त्री शर्माले यस आयोजनाले कोशी प्रदेशका बासिन्दालाई दूरसञ्चारको मूलप्रवाहमा जोड्न सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलिकम, सञ्चालक समितिका अध्यक्ष एवम् मन्त्रालयका सचिव कृष्णबहादुर राउतले ग्रामीण दूरसञ्चार विकास कोषको लगानीमा मध्यपहाडी लोकमार्गमा दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्क सञ्चालनमा ल्याइएको बताउँदै यसबाट सेवाग्राहीलाई गुणस्तरीय दूरसञ्चार प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले हाल मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको र आगामी दिनमा यसलाई जिल्ला र अन्य स्थानीय निकायसम्म पुऱ्याएर सेवालाई गुणस्तरीय बनाइने बताउनु भयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले गुणस्तरीय दूरसञ्चार सेवाका लागि ब्याकबोन नेटवर्क निर्माण कार्यमा कम्पनीले विभिन्न कार्यहरु गरिरहेको र यसले सरकारको डिजिटल नेपाल निर्माण अभियानमा सघाउ पुग्ने बताउनु भयो । उहाँले सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाह गर्नका लागि कम्पनीले बिहान ७ बजेदेखि साँझ ७ बजेसम्मै मर्मत सम्भार गर्ने कार्यको सुरुवात गरिसकेको र क्रमशः सबै स्थानमा यो सेवा उपलब्ध हुने बताउनु भयो ।

कार्यक्रममा धनकुटाबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य निरन राई र धनकुटाका प्रमुख जिल्ला

*(बाँकी २ पेजमा)*

## १९ नमूना जिल्ला बनाइने

नेपाल टेलिकमले अत्याधुनिक प्रविधिको प्रयोग गरेर निरन्तर गुणस्तरीय सेवाहरु माग बमोजिम उपलब्ध गराई नमूना जिल्लाहरु कायम गर्न लागेको छ । यस्ता जिल्लाका सबै वस्तीहरु, राजमार्ग, पर्यटकीय तथा धार्मिक स्थलहरुमा गुणस्तरीय दूरसञ्चार सेवाहरु प्राविधिक रुपमा सम्भव भएसम्म उपलब्ध गराइने छ ।

देशका सबै जिल्लाहरुमा यसैगरी सेवा उपलब्ध गराउने कम्पनीको लक्ष्य रहेको छ । हाललाई पहिलो चरणमा मोरङ, खोटाङ, उदयपुर, धनुषा, रौतहट, मकवानपुर, सिन्धुली, कास्की, गोर्खा, दाङ, गुल्मी, सुर्खेत, जुम्ला, कैलाली, बाजुरा, रुकुम पश्चिम, जाजरकोट, बर्दिया र रोल्पा जिल्लामा कम्पनीले नमूना सेवा उपलब्ध गराउने भएको छ ।

हाल सेवाका दृष्टिबाट नमूनाका रुपमा कायम गरिन लागिएका जिल्लाहरुमा आवश्यकता बमोजिम तत्काल थप पूर्वाधार तथा उपकरण विस्तार स्ट्याण्डर्ड सेट्स (Standard Sets) तथा सेवाहरु (Services) कायम हुनेगरी नेटवर्क स्थापित गरिनेछ ।

यी स्थानहरुमा निरन्तर गुणस्तरीय सेवा उपलब्धताको लागि प्राविधिक तथा भौगोलिक दृष्टिकोणले सम्भव भएसम्म नवीन प्रबिधि र नेटवर्क पूर्वाधार तय गरिनेछ । ती जिल्लामा औसत ९० प्रतिशतभन्दा बढी मानव वस्तीमा गुणस्तरीय मोबाइलका साथै एनटी फाइबर सेवा उपलब्ध गराइने छ । सबैतिर तोकिएकै गुणस्तर र गतिमा सेवाको उपलब्धता कायम गर्न अतिरिक्त योजना समेत बनाएर आवश्यक दक्ष जनशक्तिको उपलब्धता पनि निरन्तर हुनेछ ।

नमूना जिल्लाहरुमा सेवाग्राहीले दूरसञ्चार सेवा खरिद गर्न, जडान तथा मर्मतसम्भार, महशुल भुक्तानी जस्ता सेवाहरु प्राप्त गर्न कम्पनीका कार्यालयमा उपस्थित नभईकन फोनबाट (Call Center मार्फत) सेवासम्बन्धी सबै कार्य गर्न सकिने र बिना अवरोध सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिने छ ।

## रुकुमकोटमा एनटी फाइबर

नेपाल टेलिकमले रुकुम पूर्वको सदरमुकाम रुकुमकोट र रुकुम पश्चिमको सदरमुकाम मुसिकोटमा एफटीटीएच (फाइबर टु द होम) प्रविधिमार्फत एनटी फाइबर सेवा उपलब्ध गराएको छ । गत पुस ८ देखि उक्त स्थानमा परीक्षण सेवा प्रारम्भ भएकोमा अन्तिम प्राविधिक परीक्षण पश्चात सेवा शुभारम्भ गरिएको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले गत पुस २५ गते यी दुई स्थानमा भर्चुअल रुपमा सेवाको शुभारम्भ गर्नुभयो । सो अवसरमा मन्त्री शर्माले सूचना प्रविधिको आधारभूत पूर्वाधार नै दूरसञ्चार भएको उल्लेख गर्दै नेपाल टेलिकमलाई 'हाम्रो टेलिकम' भन्ने नेपाली जनताको अपनत्वको भावनालाई यसले अझै उजागर गर्ने बताउनु भयो । बाँकी जिल्लामा पनि यो सेवा पुऱ्याउनका लागि आवश्यक कार्य गर्न

*(बाँकी ४ पेजमा)*





(१ पेजको बाँकी)

# कोशी प्रदेशबाट ...

अधिकारी पुण्य बिक्रम पौडेलले पनि आफ्नो विचार प्रस्तुत गर्नुका साथै अप्टिकल फाइबर नेटवर्कको सञ्चालन भएकोमा कम्पनीलाई बधाई ज्ञापन गर्नुभयो ।

नेपाल टेलिकम, कोशी प्रादेशिक निर्देशनालय, विराटनगरका निर्देशक डिल्लीराम अधिकारीको स्वागत मन्तव्यबाट सुरुवात भएको कार्यक्रममा विशेष आयोजना विभागका प्रबन्धक लक्ष्मण महर्जनले ग्रामीण दूरसञ्चार विकास कोषमार्फत सञ्चालन गरिएको परियोजनाको बारेमा जानकारी प्रस्तुत गर्नुभएको थियो भने कोशी प्रदेशमा कम्पनीको नेटवर्क बारेमा बरिष्ठ इन्जिनियर ऋत्विक तिवारीले प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न निकायका जनप्रतिनिधि, नेपाल टेलिकमका विभिन्न तहका कर्मचारी र सर्वसाधारणको समेत उपस्थिति रहेको थियो ।

ग्रामीण दूरसञ्चार विकास कोषअन्तर्गत कोशी, मधेस र बागमती प्रदेशमा सञ्चालित आयोजनामध्ये हाल कोशी प्रदेशको आयोजना पूरा भएको हो । तीन प्रदेशमा विस्तार सम्पन्न भएको एक हजार २२५ किलोमिटर लामो फाइबरको महामार्गमध्ये कोशी प्रदेशमा ६८३ किलोमिटर लामो महामार्गबाट सेवा प्रवाह हुनेछ ।



### नेटवर्क सञ्चालनबाट हुने उपलब्धिहरु

नेपाल टेलिकमले उपलब्ध गराएको अप्टिकल फाइबर केबुल नेटवर्क आवद्ध उपकरण सहितको समग्र समग्र नेटवर्क सञ्चालनबाट कम्पनीलाई मात्र नभई अन्य सेवाप्रदायकलाई समेत फाइदा पुग्ने छ ।

मध्य पहाडी लोकमार्ग हुँदै अप्टिकल फाइबर केबुल नेटवर्क विस्तार भई साविकको Optical Fiber Network को लागि Redundant Optical Fiber Network तयार भएको छ । यसबाट सञ्चालनमा रहेका रुटमा अप्टिकल फाइबरमा क्षति भएको अवस्थामा बैकल्पिक रुटबाट ट्राफिक सञ्चालन गर्न सकिने हुँदा सेवाको निरन्तरतामा थप सुधार हुनेछ । सो अलावा यसअघि कम्पनीको अप्टिकल फाइबर नपुगेका केही जिल्लाहरुमा नयाँ रुट थप हुनुका साथै अप्टिकल फाइबर नेटवर्कको पहुँच समेत पुगेको छ ।

साविकको २४ कोर अप्टिकल फाइबरलाई ४८/९६ कोरको अप्टिकल फाइबर नेटवर्कमा अभिवृद्धि गरिएको छ । यसबाट ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गत अप्टिकल फाइबर नेटवर्क तयार भएका स्थानहरुमा अन्य सेवा प्रदायकहरुलाई समेत माग भएअनुसार अप्टिकल फाइबर नेटवर्क सहप्रयोग गर्न पर्याप्त रुपमा पूर्वाधार तयार भएको छ ।

उपकरण नेटवर्कको क्षमतातर्फ पनि निकै नै उपलब्धि हासिल भएको छ । ग्रामीण दूरसञ्चार विकास कोष परियोजना सञ्चालन पूर्व कम्पनीको 10Gx40λ DWDM नेटवर्क सञ्चालनमा रहेकोमा सो नेटवर्कलाई उच्च क्षमताको (100Gx 80λ) DWDM नेटवर्कले प्रतिस्थापन गरिएको छ । यसबाट विश्व बजारमा हाल सञ्चालनमा रहेका तथा भविष्यमा आउन सक्ने प्रविधिहरुलाई पर्याप्त हुने गरी ट्रान्समिसन ब्याकबोन तयार भएको छ ।

ग्रामीण जिल्लाहरुमा समेत न्यूनतम १० जीबीपीएसदेखि अधिकतम १०० जीबीपीएससम्मको Interface क्षमताका कोर राउटर नेटवर्क तयार गरिएको छ । मध्य पहाडी लोकमार्ग हुँदै उच्च क्षमताको (100Gx 80λ) DWDM नेटवर्क विस्तार भई Redundant Network तयार भएको छ । यसबाट साविकको रुटमा अप्टिकल फाइबरमा वा उपकरणमा समस्या भएको अवस्थामा बैकल्पिक रुटबाट ट्राफिक सञ्चालन गर्दा समेत पर्याप्त उपकरण क्षमता उपलब्ध भएकोले गुणस्तरको सुनिश्चिता तथा सेवाको निरन्तरता सुनिश्चित भएको छ ।

ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गतको नेटवर्कबाट DWDM Lambda तथा कोर राउटर ब्यान्डविथ अन्य सेवा प्रदायकहरुसँग सहप्रयोग गरिने भएकोले उक्त क्षेत्रका सम्पूर्ण वासिन्दाहरुलाई उच्च क्षमताको गुणस्तरीय सेवा प्राप्त भई लाभान्वित हुने अवस्था छ ।

समग्रमा ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गतको पूर्वाधार अन्य सेवा प्रदायकसँग सहप्रयोग गरिने हुँदा अन्य सेवा प्रदायकलाई समेत उक्त क्षेत्रहरुमा पूर्वाधारमा दोहोरो लगानी घट्न गई अन्ततः सो क्षेत्रका सम्पूर्ण जनसंख्यालाई सुलभ मूल्यमा गुणस्तरीय दूरसञ्चार सेवामा पहुँच पुग्ने भएको छ । ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गतको उपकरण पूर्वाधार हाल उपलब्ध भएको मध्येकै उच्च क्षमताको रहेको हुँदा कम्पनी तथा अन्य सेवा प्रदायकहरुद्वारा सो पूर्वाधार उपलब्ध भएको क्षेत्रमा निकट भविष्यमा उपकरणमा थप लगानी गर्नु नपर्ने सुनिश्चितता भएको छ ।

## नयाँ सिम र अन्यमा थप सुविधा

नेपाल टेलिकमको नयाँ प्रिपेड सिमकार्ड लिएर चलाउँदा (First Call Activation) उपलब्ध हुने विभिन्न निःशुल्क सुविधा (Free Resource) थप हुने भएको छ । यसका साथै अबदेखि कक्षा ८ देखि माथिका विद्यार्थीलाई समेत नयाँ सिम उपलब्ध गराइने छ भने रिचार्ज गर्दा पाइने बोनस सुविधा समेत थप गरिएको छ ।

**नयाँ सिममा थप सुविधा :** रु. ९० मा उपलब्ध हुने नयाँ प्रिपेड सिमकार्डमार्फत ३०० एमबी डाटा चलाउन, ४० मिनेट कल गर्न र २० वटा एसएमएस पठाउन सकिने सुविधा उपलब्ध रहेकोमा अब सो सिमकार्डमार्फत १ जीबी डाटा चलाउन सकिने छ भने नेपाल टेलिकमकै नेटवर्कमा १०० मिनेट भ्वाइस कल गर्न र १०० वटा एसएमएस पठाउन सकिने छ ।

यी सबै सुविधा ३० दिनसम्म प्रयोग गर्न सकिने छ । साविकमा झैं यसमा रु. १० ब्यालेन्स समेत उपलब्ध हुनेछ ।

**कक्षा ८ देखि माथिका विद्यार्थीलाई सिम :** कक्षा ८, ९ र १० का विद्यार्थीलाई समेत निजको अभिभावकको नागरिकता र सम्बन्धित विद्यालयद्वारा जारी गरिएको परिचय पत्रको आधारमा रु. ९० मा प्रिपेड सिमकार्ड उपलब्ध हुनेछ । सो सिमकार्डमा समेत नयाँ सुविधा उपलब्ध हुनेछ ।

नयाँ सिमकार्डमार्फत १ जीबी डाटा चलाउन सकिने छ भने नेपाल टेलिकमकै नेटवर्कमा १०० मिनेट भ्वाइस कल गर्न र १०० वटा एसएमएस पठाउन सकिने छ । सो सिमकार्डमा पनि रु. १० ब्यालेन्स हुनेछ ।

**डाटा बोनस :** कम्पनीले विगतमा बेला-बेलामा उपलब्ध गराएको Bonus on Recharge. पनि फेरि उपलब्ध गराउने भएको छ । विभिन्न दरका एमपोस (MPoS) तथा फिजिकल रिचार्ज कार्डमार्फत प्रिपेड तथा पोस्टपेड मोबाइलमा रिचार्ज गर्दा डाटा बोनस उपलब्ध गराइने छ । यस अफर अन्तर्गत रु. १०० को रिचार्ज गर्दा समेत डाटा बोनस उपलब्ध हुनेछ ।

एमपोसमार्फत रु. १०० देखि १९९ को रिचार्ज गर्दा १ दिनका लागि १ जीबी, रु. २०० देखि ४९९ को रिचार्ज गर्दा प्रतिदिन १ जीबीका दरले २ दिनका लागि २ जीबी र रु. ५०० वा सो भन्दा माथिको रिचार्ज गर्दा प्रतिदिन २ जीबीका दरले ४ दिनका लागि ८ जीबी डाटा बोनसको रुपमा उपलब्ध हुनेछ । त्यसैगरी फिजिकल रिचार्जमार्फत रु. १०० को रिचार्ज गर्दा १ दिनका लागि १ जीबी, रु. २०० को रिचार्ज गर्दा प्रतिदिन १ जीबीका दरले २ दिनका लागि २ जीबी र रु. ५०० तथा रु. १००० को रिचार्ज गर्दा प्रतिदिन २ जीबीका दरले ४ दिनका लागि ८ जीबी डाटा बोनसको रुपमा उपलब्ध हुनेछ ।

यी सबै नयाँ सुविधा गत पुस १ देखि प्रारम्भ भएको छ र आगामी फागुन ३० सम्म उपलब्ध हुनेछ ।

## अन्तर्राष्ट्रिय ब्यान्डविथ खरिदका लागि सम्झौता



नेपाल टेलिकमले अन्तर्राष्ट्रिय ब्यान्डविथ खरिदका लागि टाटा र भारती एयरटेलसँग सम्झौता गरेको छ । कम्पनीले गत चैत १६ मा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामार्फत २०० जीबीपीएस ब्यान्डविथ खरिदका लागि टेन्डर आह्वान गरेकोमा यी दुई कम्पनीले सारभूतरुपमा प्रभावग्राही भई ब्यान्डविथ उपलब्ध गराउने जिम्मेवारी प्राप्त गरेका हुन् ।

यस अनुसार टाटाले आवश्यक ब्याण्डविथको ६० प्रतिशत र भारती एयरटेलले ४० प्रतिशत ब्यान्डविथ उपलब्ध गराउने छ ।

टाटासँग गत भदौ १३ मा सम्झौता भएको थियो भने एयरटेलसँग गत पुस ५ गते सम्झौता सम्पन्न भएको हो । गत पुस ५ गते भएको सो सम्बन्धी सम्झौतामा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र एयरटेलको तर्फबाट डीजीएम-सेल्स भरत गुलाटीले हस्ताक्षर गर्नुभएको छ ।

यस अघि एयरटेल, टाटा र चाइना टेलिकममार्फत उपलब्ध रहेको ब्यान्डविथमा थप ब्यान्डविथ उपलब्ध हुनेछ । सो सम्झौता तीन वर्षको रहेको छ र थप वर्षमा ब्यान्डविथ थप हुने प्रावधान रहेको छ । हाल खरिद हुँदै आएको ब्यान्डविथको दर भन्दा निकै नै कम दरमा उपलब्ध हुने भएकोले कम्पनीको खर्चमा कटौती हुन जाने र सेवाग्राहीलाई सस्तो दरमा सेवा उपलब्ध गराउन समेत सहज हुनेछ ।

# अत्यन्त विकट र दुर्गम वस्तीहरुमा पनि कम्पनीको मोबाइल सेवा

नेपाल टेलिकमले शहरी र सुगम क्षेत्रमा मात्र नभई भौगोलिक हिसाबले देशभरका अत्यन्त विकट तथा जनसंख्याको कोणबाट निकै कम मानिसहरु रहने दुर्गम वस्तीहरुमा पनि अत्याधुनिक प्रविधिका दूरसञ्चार सेवाहरु विस्तार गरिरहेको छ । टाढाका हिमाली तथा पहाडी गाउँहरु, जहाँ न यातायातको सुविधा छ न त विद्युतको नै पहुँच, त्यस्ता स्थानहरुमा समेत कम्पनीले हेलिकप्टरबाट उपकरण र सामानहरु ओसारेर अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको छ ।

गत आर्थिक वर्षमा होलिकप्टरको प्रयोग गरी आधा दर्जनभन्दा बढी विकट वस्तीहरुमा कम्पनीले दूरसञ्चार सेवाहरु उपलब्ध गराएको छ । यसबाट जहाँसुकै रहेका भएपनि सबै नेपालीको जनजीवन सहज तुल्याउन र जीवनस्तर उकास्ने कार्यमा महत्वपूर्ण भूमिका नेपाल टेलिकमले निर्वाह गर्दै आइरहेको प्रमाणित हुन्छ । यस्ता स्थानहरुमा कम्पनीले गरेको लगानीबाट व्यवसायिक लाभ हासिल हुँदैन । यो विशुद्ध रुपमा **'नेपाल टेलिकम राष्ट्रको सञ्चार'** भन्ने कम्पनीको मुल नारालाई साकार बनाउने प्रयास मात्र हो । नवीन प्रविधिहरुको प्रयोगबाट निरन्तर अत्याधुनिक दूरसञ्चार सेवाहरुको विस्तारका साथै गुणस्तरीय सेवाको निरन्तरताका लागि कम्पनीले प्रविधि र प्रणालीको नियमित स्तरोन्नति गर्ने गरेको छ ।

गत आर्थिक वर्षमा कम्पनीले ४ हजारभन्दा बढी 4G वेस स्टेशनहरु जडान गरी लाखौं प्रयोगकर्ताहरुलाई सेवा उपलब्ध गराएको छ । कम्पनीले आफैं सर्वेक्षण गरी सेवा नपुगेका स्थानमा सेवा उपलब्ध गराउने योजना बनाउने गरेको छ । यसका अलावा अन्य कतिपय स्थानमा सेवाग्राहीको मागलाई पनि नियमित सम्बोधन गर्ने गरिएको छ । गत आ.व.देखि हालसम्ममा सेवाग्राहीको माग र आवश्यकताका आधारमा दूरसञ्चार सेवा नपुगेका सातसय भन्दा बढी स्थानहरुमा जीएसएम 2G वेस स्टेशन जडान गरी सेवा उपलब्ध गराइएको छ । कम्पनीले देशको भौगोलिकता र प्रविधिका कारण सहजै सेवा विस्तार गर्न नसकिने ठहरिएका एक दर्जनजति स्थानीय तहबाहेक अन्य सबै स्थानमा फोरजी मोबाइलको पहुँच स्थापित गरिसकेको छ ।

गत आ.व.मा नै 2G/3G/ र 4G सेवा ७७ वटै जिल्लाका सबै स्थानीय तहका अधिकांश स्थानहरुमा उपलब्ध गराउन 4G/LTE प्रोजेक्ट अन्तर्गत ६४० भन्दा बढी टावर जडान गरी अधिकांश स्थानमा 4G सेवा सञ्चालन गरिएको छ । यसका अलावा अन्य टेण्डरमार्फत पनि करिब ४ सयवटा 2G/4G सेवा विस्तारका लागि नयाँ टावर खरिद गरी जडान गरिएको छ । गत आ.व.मा कम्पनीले म्याग्दी जिल्लाको अत्यन्तै दुर्गम रघुगंगा गाउँपालिकको २८ सय मिटर उचाईमा रहेको चिमखोलाको धुरीमा टावर स्थापना गरी टुजी र थ्रीजी मोबाइल सेवा उपलब्ध गराएको थियो । यहाँ त्यसअघि कुनै दूरसञ्चार सेवा उपलब्ध थिएन । पूर्वी रुकुम जिल्लाको सिस्ने गाउँपालिकामा फोरजी र टुजी सेवा उपलब्ध गराउन कम्पनीले हेलिकप्टरबाट उपकरणहरु झार्नुपरेको थियो । अत्यन्तै दुर्गम र विकट यस स्थानमा पूर्वाधार निर्माण गर्न कर्मचारीहरु १८ घण्टा पैदल यात्रा गरी गएका थिए । समुद्री सतहबाट ३५ सय मिटर उचाइमा रहेको यस स्थानमा राखिएको टावरबाट डोल्पा जिल्लाका १५ सय घरधुरीलाई समेत मोबाइल सेवा उपलब्ध भएको छ ।

कम्पनीले उपलब्ध गराएका अत्याधुनिक दूरसञ्चार सेवाहरुका कारण हिमाल पारीको जिल्लाका रुपमा परिचित **मुस्ताङ** समेत सुगम बन्दै गएको छ । मुलुककै विकटमध्येको मुस्ताङका अधिकांश मानव वस्तीहरुमा कम्पनीको मोबाइल सेवाको पहुँच स्थापित भइसकेको




छ । गत आ.व.मा पर्यटकीय र धार्मिक स्थलका रुपमा विख्यात मुक्तिनाथ क्षेत्रका कागवेनीदेखि मुक्तिनाथ मन्दिरसम्मको मार्गमा सबैतिर मोबाइल सेवालाई थप व्यवस्थित गराइएको छ । यसैगरी मुस्ताङको पनि दुर्गम स्थानका रुपमा रहेको घरपझोङ गाउँपालिकामा राखिएको बीटीएसबाट सो क्षेत्रका वस्तीहरु स्याङ, ठिनी लगायत स्थानमा पनि मोबाइल सेवाको पहुँच स्थापित भएको छ । मुस्ताङकै दुर्गम गाउँहरु ताङ्वे, छाक्ताङ, थासाङ, छुसाङ लगायत स्थानमा पनि मोबाइल सेवा प्रयोग गर्न सकिन्छ । तिब्बती सिमासँग जोडिएको उपल्लो मुस्ताङको कोरला नाका, लोमान्थाङ, चराङ, स्वाङ्बोचे, नाम्डोक, मार्फा, खिंगा लगायत वस्तीहरुमा फोरजी सेवा उपलब्ध छ ।

गत आ.व.मै कम्पनीले अर्को दुर्गम जिल्ला **हुम्ला**को सिमकोट गाउँपालिकाको ओखेनीमा बीटीएस स्थापना गरी डाँडाफया, धारापोरी, स्याँडा, खोल्सी, खगल गाउँ, केर्मी, हेप्का, बरगाउँ, खरपेल गाउँ, छिप्रा, याङ्चु, ताक्ला, तोर्पा, लिमाटाङ, ठेहो, दोजाम, बैजिडाँडा, कुम्लिक, ग्यापु

(बाँकी ४ पेजमा)

## क्रिकसल टुर्नामेन्टमा नेपाल टेलिकम पहिलो

नेपाल इन्जिनियर्स एसोसिएसन बागमती प्रदेशद्वारा आयोजित फर्स्ट ओपन इन्जिनियर क्रिकसल टुर्नामेन्ट २०८० मा नेपाल टेलिकमको समूह "ए"ले पहिलो स्थान हासिल गरेको छ । गत मंसिर २२ र २३ गते रातोपुलको भेलोसिटी एरेनामा सम्पन्न सो टुर्नामेन्टमा नेपाल टेलिकमले जिज्ञासा सीसी टिमलाई हराउँदै पहिलो स्थान हासिल गरेको हो । प्रतियोगितामा विजयी भएर नेपाल टेलिकमको टोलीले ४० हजार र द्वितीय हुने जिज्ञासा सीसीको टोलीले २० हजार नगद पुरस्कार प्राप्त गरे । सो टोलीमा नेपाल टेलिकमको तर्फबाट हरिकृष्णन के. शर्मा, उपज महत, विनोद रिमाल, सुविन बज्राचार्य, प्रभात अधिकारी, रमेश कुमार साह, रोहित महतो र सुमित झा रहनुभएको थियो ।

विजयी खेलाडीहरुलाई गत मंसिर २५ गते प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले बधाई ज्ञापन गर्नुभयो । सो अवसरमा प्रबन्ध निर्देशक पहाडीले स्वस्थ



कर्मचारीबाट नै कम्पनीको उत्पादकत्व बढाउन सहयोग पुग्ने र यसका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । यही कुरालाई मनन गरी कम्पनीले खेलकुदलाई समेत प्राथमिकतामा राखेर विभिन्न कार्य गरिरहेको उहाँले बताउनु भयो ।

## NEONNT को वार्षिकोत्सव सम्पन्न

नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकम (NEONNT) ले आफ्नो स्थापनाको १७ औं वार्षिकोत्सव विभिन्न गतिविधिका साथ एक समारोहको आयोजना गरी सम्पन्न गरेको छ । गत पुस १८ गते नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले नेपाल टेलिकम देशको गौरव गर्न सकिने संस्था भएको उल्लेख गर्दै सर्वसाधारण जनतालाई सस्तो, भरपर्दो र गुणस्तरीय सेवा दिन सफल भएकोमा प्रशंसा गर्नुभयो ।

सो कार्यक्रममा उहाँले आफ्नो कार्यक्षेत्र र कार्यप्रगतिमा आफूलाई अब्बल सावित गर्दै प्रतिस्पर्धात्मक बजारमा बढीभन्दा बढी नाफा कमाउन आग्रह गर्दै पछिल्लो समयमा कम्पनीको सुधार गर्न थप मेहनत गर्नुपर्ने स्थिति आएको बताउनुभयो । उहाँले भन्नुभयो, 'सेवाग्राहीले नेपाल टेलिकमलाई विश्वास गरिरहेका छन्, त्यो विश्वासलाई अवसरका रूपमा लिएर काम गर्नुपर्छ ।'

संस्थाले नाफा कमाएमा देशको आर्थिक सम्बृद्धिका साथै कर्मचारीको सेवासुविधा वृद्धिमा पनि योगदान पुग्ने र राजस्व गिर्दै गएमा कर्मचारीको सेवासुविधा समेत कटौती हुनसक्ने कुरा उल्लेख गर्दै उहाँले व्यवस्थापन र क्रियाशील युनियनहरुले व्यावसायिक योजनासहित हातेमालो गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले कर्मचारीको हक, हित र व्यावसायिकता संरक्षणका लागि युनियनहरुले खेलेको भूमिकाप्रति आभार व्यक्त गर्दै चुनौतीपूर्ण अवस्थामा पनि कर्मचारी, सेवाग्राही र सेयर होल्डरहरुलाई उत्साही बनाउने गरी उपलब्धिमूलक कार्य भइरहेको बताउनु भयो । कम्पनी अझै पनि कुनै पनि कार्यमा सबल र सक्षम भएको र यसमा कर्मचारी, व्यवस्थापनलगायत सबैको महत्वपूर्ण भूमिका भएको बताउनु भयो ।

कार्यक्रममा सञ्चालक समिति सदस्य (कर्मचारी प्रतिनिधि) शंकर लामिछानेले संस्थाको उत्पादकत्व वृद्धिका लागि कर्मचारी र व्यवस्थापन सबै मिलेर अनुशासनपूर्वक काम गर्नुपर्ने अवस्था आएको बताउनु भयो ।

सो अवसरमा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मणिरत्न श्रेष्ठले कुनै पनि संस्थाको जग कर्मचारी र छानो व्यवस्थापन भएकाले यी दुवैको समन्वयमा कार्य गर्नुपर्ने र द्वन्द्वलाई निरुत्साहित गर्नुपर्ने बताउनु भयो ।

संगठनका अध्यक्ष दामोदर केसीले संगठनले हालसम्म खेलेको भूमिकाको समीक्षा गरी रोडम्याप बनाउने र संस्थाको हकहितको विषयमा क्रियाशील हुने अठोट व्यक्त गर्दै समसामयिक विषयमा संगठनले खेलेको भूमिकाको विषयमा जानकारी गराउनु भयो ।

सो कार्यक्रममा संगठनका संस्थापक अध्यक्ष गुमान सिंह केसी, कम्पनीमा क्रियाशील युनियन नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) का अध्यक्ष मोहनप्रसाद फुयाल, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष सुरेश प्रसाद रौनियार र नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष वीरेन्द्रलाल जोशीले वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्दै आ-आफ्नो धारणा राख्नुभएको थियो ।

सो कार्यक्रममा वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजेतालाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा उपस्थित सबैलाई संगठनका सह-अध्यक्ष बाबुजी पण्डितले स्वागत गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन महासचिव तेजबहादुर शाहीले गर्नुभएको थियो ।

(३ पेजको बाँकी)

# अत्यन्त विकट र दुर्गम ...

लगायत दर्जनौं गाउँमा फोरजी सेवा उपलब्ध गराएको छ। हुम्लाकै धारापानीमा माइक्रोवेभ लिंकमार्फत फोरजी र टुजी मोबाइल सेवा प्रदान गरिनुका साथै हुम्लामा समेत हिमालपारीको गाउँ भनिने लिमीमा पनि फोरजी सेवा उपलब्ध गराइएको छ। **जाजरकोट**मा गत आ.व.मा दर्जनभन्दा बढी नयाँ साइटबाट फोरजी र टुजी सेवा शुरु गरेपछि भगवती टोल, पैक, थल, अर्चनी, भुर, धिमे, सीमा, पडारु, सिडिओ अफिस लगायत स्थानमा सहजै सेवा उपलब्ध भएको छ। **मुगु**मा पनि नयाँ मोबाइल टावर निर्माण गरी ताल्चा विमानस्थल, गुम्था, कोटडाँडा, सुखाढिक, नाथार्पुमा नयाँ टावर बनाई मोबाइल सेवा प्रदान गरिएको छ। यसबाट भिस्याटबाट विगतमा टुजी सेवा मात्र प्रवाह भएका कालिका, श्रीनगर, भिई, जिमा, मेलथाम लगायत वस्तीहरुमा फोरजी सेवा उपलब्ध भएको छ।

**दैलेख**मा पनि दर्जनभन्दा बढी नयाँ मोबाइल साइटहरुबाट सेवाको शुरुवात गरिएको छ। जिल्लाका दुर्गम स्थानका रुपमा चिनिएका बालामजी, डाँडापराजुल, देवकोटा चोक, पोखरेलखाल डाँडा, तल्लो ढुंगेश्वर, बडाभैरव, भवानी, नेपा, कालभैरव, दगसुर, सतला, सिगौडी लगायत गाउँहरुमा फोरजी सेवा प्रवाह गरिएको छ। यसैगरी **रुकुम पश्चिम**मा विकट वस्तीका रुपमा रहेका भलक्चा, अर्मा, खोलागाउँ, नेतिलेख, पेउघा आदि आधा दर्जन स्थानमा गत आ.व.मा मोबाइल सेवा उपलब्ध गराइएको छ। **सल्यान**का फोरजी सेवाको पहुँचमा नरहेका तथा मोबाइल सेवा नै नपुगेका डेढ दर्जन स्थानमा कम्पनीले मोबाइल सेवाको पहुँच स्थापित गरेको छ। यस जिल्लाका खारा, कालिमाटी काल्चे, लक्ष्मीपुर, निगालचुली, रिम सिनवाङ, गार्पा, चण्डेकरेनी, कालागाउँ, लेखपोखरा, कुभिण्डे, काल्चे, कोशीखाल डाँडा, जिमली बडागाउँ, धजारी पिपल लगायतमा फोरजी सेवा पुऱ्याइएको छ।

**सुर्खेत**का दुर्गम स्थानहरुमध्ये गत आ.व.मा राकम, तोशारा, धुलियाबिट, घोरेटा, घुम्रा, गोठिडाँडा, साताखानी लगायत १० स्थानमा नयाँ साइटहरु स्थापना गरी फोरजी सेवा शुरु गरिएको छ। **कालिकोट** जिल्लाको विकट स्थानका रुपमा रहेका मुर्मा, डण्डाज्युला, बाँफकोट, परौठी, नाग्मा, रणचुली, अरसिपी बजार, टाँडीमा नयाँ संरचना खडा गरी फोरजी सेवा उपलब्ध गराइएको छ। आफैं विकट र दुर्गम जिल्लाका रुपमा परिचित **जुम्ला**को पनि दुर्गम वस्तीहरु ताम्ती, पत्रासी, डिल्लिचौर, बंकी, पातमारा तथा चन्दननाथ लगायत स्थानबाट फोरजी सेवा प्रवाह गरिएको छ। यसैगरी नेपाल-भारत-चीनको त्रिदेशीय सीमाक्षेत्रमा पर्ने **दार्चुला**को छाङरुमा पनि फोरजी सेवा शुरु गरिएको छ। त्यहाँ कम्पनीले हेलिकप्टरबाट उपकरणहरु ढुवानी गरी सेवा उपलब्ध गराएको हो।

**रुकुम पूर्व**को पुथा उत्तरगंगा, काजरजंग, सिस्ने, पोखरा दादिङ, महतगाउँ, भुमे, साकिम, शेराबाङ




लगायतका गाउँहरुमा पनि गत आ.व.मै फोरजी सेवाको विस्तार भइसकेको छ। **बागलुङ**को टुनिबोट, भीमगिठे, अमिले, जैबान, भित्रेनी, छेपारे, ओखेनी, पदमभीर, रायडाँडा, भेडिखोर, बलौटे, खानीगाउँ, ढोरपाटन, खिवाङ, खोरिया, थाम्का, चामिदुवार, जैमिनी, जैदी पाहाकोट, जैदी, छिस्ची, अर्जेवा जस्ता स्थानहरुमा मोबाइल सेवा उपलब्ध गराइएको छ। **म्याग्दी**को रघुगंगा, चुमखोला, पाल्लेखेत, जस्लावाङ, अन्नपुर्ण, दरबाङ, रुन्माडाँडा तथा







**डोल्पा**को त्रिपुरासुन्दरी, त्रिपुराकोट, पहाडा, लिकु लगायत स्थानमा फोरजी सेवाको पहुँच स्थापित भएको छ।

हालै मात्र नेपाल टेलिकमले बागलुङ जिल्लाको दुर्गम स्थान निसेलढोरमा मोबाइल सेवा उपलब्ध गराएको छ। मोबाइल सेवाको पहुँचभन्दा बाहिर रहेको यस स्थानमा कम्पनीले सेवा उपलब्ध गराएपछि टेलिफोन गर्न दुई घण्टासम्म हिंडेर डाँडामा पुग्नुपर्ने बाध्यताबाट यहाँका बासिन्दाहरु मुक्त भएका छन्। निसीखोला गाउँपालिकाको वडा नम्बर ५ को ऐंसेलुधारा भन्ने स्थानमा निर्माण गरिएको बीटीएसमार्फत यस क्षेत्रमा मोबाइल सेवा प्रवाह गरिएको हो। यो स्थान तीन हजार ७३० मिटरको उचाइमा रहेको छ।

हालसम्म मोबाइल सेवा उपलब्ध नभएको वडा नम्बर ५ का निशेलढोर, गावा, मस लगायतका गाउँहरुमा यो सेवाको पहुँच स्थापित भएको सोही वडाका वडा अध्यक्ष हर्कमान घर्तीमगरले बताउनु भयो। यसैगरी यसबाट ढोरपाटन नगरपालिकाको वडा नम्बर ९ का ठूलो मस, भुजी र डिजा लगायतका वस्तीहरुमा पनि मोबाइल सेवाको पहुँच स्थापित भएको छ। यसका साथै यसै टावरबाट पूर्वी रुकुमको भूमे गाउँपालिकाका पुथा र उत्तरगंगा लगायतका वस्तीहरुमा पनि मोबाइल सेवा उपलब्ध भएको छ। विद्युतको पहुँचमा नपुगेको यस स्थानमा टेलिकमले सौर्य शक्तिको प्रयोग गरी सेवा उपलब्ध गराएको हो।

कम्पनीले यातायातको पहुँच नपुगेको तर आकर्षक पर्यटकीय क्षेत्र तथा तीर्थस्थलका रुपमा चर्चित **रसुवा**को गोसाईंकुण्डमा पनि यस आर्थिक वर्षको शुरुवातमै मोबाइल सेवा उपलब्ध गराएको छ। त्यसैगरी चीनको सिमानासँग जोडिएको **दार्चुला** जिल्लाको व्यास गाउँपालिका वडा नम्बर १ मा अवस्थित अन्तिम बस्ती उत्तर पश्चिमी नाका टिंकरमा समेत गत असोज देखि मोबाइल सेवा सञ्चालनमा ल्याइएको छ।

कम्पनीले मोबाइल सेवाको विस्तारसँगै यसको गुणस्तरमा निरन्तरता र मर्मतसम्भारमा द्रुततालाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ। प्रायः स्थानहरुमा अप्टिकल फाइबरको प्रयोग गरिएको छ र फाइबर काटिंदा माइक्रोवेभमार्फत सेवा निरन्तरताका लागि दोहोरो प्रविधिको प्रयोग गरी गुणस्तरीय र दिगो सेवा उपलब्ध गराइएको छ। उपकरण र प्रविधिको स्तरोन्नति गरी निरन्तर गुणस्तरीय सेवा प्रवाह गर्न कम्पनीले कार्य योजना बनाएर काम गरिरहेको छ।

(१ पेजको बाँकी)

## रुकुमकोटमा एनटी ...

टेलिकमलाई निर्देशन दिंदै मन्त्री शर्माले यसका लागि आवश्यक सहजीकरणका लागि मन्त्रालय क्रियाशील रहने बताउनु भयो।

संघीय सांसद पूर्णबहादुर घर्तिमगरले संघीयता पश्चात देशको कान्छो जिल्लाको रुपमा रहेको रुकुम पूर्वमा सेवा विस्तार गरेर नेपाल टेलिकमले महत्वपूर्ण कार्य गरेकोमा आभार व्यक्त गर्नुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवम् नेपाल टेलिकम, सञ्चालक समितिका अध्यक्ष कृष्णबहादुर राउतले सदरमुकाममा मात्र नभई आगामी दिनमा अन्य स्थानमा समेत सेवा प्रवाह गर्न र उच्च गुणस्तरीय सेवा उपलब्ध गराउनका लागि कम्पनी क्रियाशील हुने बताउनु भयो।

नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले देशका सबै स्थानमा दूरसञ्चार सेवा पुऱ्याउन कम्पनी कटिबद्ध भएको र यसका लागि आवश्यक कार्ययोजना बनाएर अगाडि बढेको बताउनु भयो।

सो अवसरमा मन्त्रालय र नेपाल टेलिकमका उच्च पदस्थ अधिकारीहरुको सहभागिता रहेको थियो।

रुकुम पश्चिमका अन्य केही स्थानमा पहिले नै एनटी फाइबर उपलब्ध भए तापनि सदरमुकाममा भने हालै सेवा शुभारम्भ भएको हो। रुकुमकोटमा भने पहिलो पटक सेवा पुगेको हो। यसका लागि रुकुमकोटमा दुई वटा एफडीसी (फाइबर डिस्ट्रिब्युसन क्याबिनेट) मार्फत १०२४ लाइन क्षमताको नेटवर्क तयार गरिएको छ। अब रुकुमकोटमा एनटी फाइबर सेवामार्फत तीव्र गतिको डाटा, भ्वाइस र आईपीटीभी सेवा उपलब्ध गराउन सकिने छ। हाल रुकुमकोटमा रहेका करिब दुई सय सेवाग्राहीलाई पनि एफटीटीएच प्रविधिमा रुपान्तरण गरी थप ग्राहकलाई समेत गुणस्तरीय सेवा उपलब्ध गराइने छ।

यससँगै एफटीटीएच प्रविधिमार्फत एनटी फाइबर उपलब्ध भएका जिल्लाको संख्या ७४ पुगेको छ। अब डोल्पा, मुगु र हुम्लामा मात्र यो सेवा पुग्न बाँकी छ। यी जिल्लामा पनि क्रमशः सेवा विस्तार गर्ने कम्पनीको योजना छ।

एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुऱ्याई ट्रिपल प्ले अर्थात भ्वाइस, उच्च गतिको इन्टरनेट र आईपीटीभी सेवा प्रदान गर्न सकिने भएकोले ग्राहकका लागि यो सेवा प्रभावकारी र उपयोगी छ। कम्पनीले यो सेवालाई 'एनटी फाइबर' को नाममा ब्रान्डिङ गरेको छ।

नेपाल टेलिकमले एनटी फाइबर अन्तर्गत व्यक्तिगत र कर्पोरेट युजरका लागि विभिन्न प्याकेज समेत उपलब्ध गराइरहेको छ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रुपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari    Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Eka Raj Subedi
Editorial Team : Meghanath Dhakal